गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
गोरखा नेपाल

# जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखा द्वारा

## आ.व. ०८०/०८१ मा सम्पादित कार्यहरुको




# बार्षिक प्रतिवेदन

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

## जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखा

# जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखा आ.वा.०८०/०८१ को बार्षिक प्रतिवेदन

प्रकाशक

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखा

सम्पादन मण्डल

डा.प्रशान्त पण्डित

श्री कुशल कृष्ण शर्मा

सर्वाधिकार

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखा

आवरणः कुशल कृष्ण शर्मा

# बिषय सूची


| क्र.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमि- गोरखा जिल्लाको परिचय | |
| २. | गोरखा जिल्लामा रहेका पलिकाहरु | |
| ३. | गोरखा जिल्ला को नक्सा | |
| ४. | कार्यालय को परिचय | |
| ५. | गोरखा जिल्लामा आयुर्वेद संस्थाहरु | |
| ६. | कार्यालयको भौतिक पूर्वाधारहरु | |
| ७. | कार्यालयको दरबन्दि पदपूर्ति, कर्मचारी विवरण | |
| ८. | निजी आयुर्वेद संस्थाको विवरण | |
| ९. | बिरामी तथ्याङ्क विवरण | |
| १०. | सम्पादित प्रदेश सरकारबाट प्राप्त बार्षिक कार्यक्रमहरुको विवरण | |
| ११. | सम्पादित संघिय सरकारबाट प्राप्त बार्षिक कार्यक्रमहरुको विवरण | |
| १२. | बार्षिक लक्ष्य / प्रगति विवरण | |
| १३. | बिबिध | |

## गोरखा जिल्लाको परिचयः

गोरखा नेपालको गण्डकी अञ्चल अवस्थित एक जिल्ला हो। यो हालको संरचना अनुसार गण्डकी प्रदेशको ११ जिल्ला मध्ये ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण जिल्ला हो। गोरखा जिल्लाको सदरमुकाम गोरखा बजार हो जुन गोरखा नगरपालिका (पृथ्वीनारायण नगरपालिका)मा पर्दछ। गोरखा जिल्लामा ११ स्थानीय निकाय अन्तर्गत २ नगरपालिका, ९ गाउँपालिका र २ निर्वाचन क्षेत्र रहेको छ। भौगोलिकरूपमा मध्यपहाडीदेखि उत्तरी हिमाली क्षेत्रसम्म फेलिएको जैविक विविधताले सम्पन्न जिल्ला हो। यसको क्षेत्रफल ३ हजार ३१० वर्ग किलोमिटर छ। समुद्र सतहदेखि २२८ मिटरदेखि ८१६३ मिटरसम्म उचाइमा अवस्थित तथा २७ हजार ०१५ देखि २८ हजार ०१५' अक्षांश र ८४ हजार ०२७' देखि ८४ हजार ०५८' देशान्तरमा फैलिएको यस जिल्लामा उष्ण, सम-शितोष्ण, शितोष्ण, लेकाली र हिमाली हावापानी पाइन्छ। यस जिल्लाको पूर्वतिर धादिङ जिल्ला र तिब्बत (चीन); पश्चिम सीमानामा तनहुँ जिल्ला, लमजुङ जिल्ला, मनाङ जिल्ला र तिब्बत (चीन),उत्तर सीमानामा तिब्बत (चीन) तथा दक्षिण सीमानामा चितवन जिल्ला, तनहुँ जिल्ला र धादिङ जिल्ला पर्दछन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार गोरखा जिल्लाको कूल जनसङ्ख्या २,५१,०२७ जना मध्ये पुरुष १,१८,१५५ जना र महिला १,३२,८७२ रहेका छन्। त्यस्तै, जिल्लामा अपाङगता भएको जनसंख्या ४ हजार ७ सय ३३ र महिला ४ हजार २ सय ६५ गरी कुल ८ हजार ९ सय ९८ जना रहेका छन् ।गोरखाको साक्षरता दर ७२.३७ प्रतिशत रहेको छ । जनगणना भए अनुसार गोरखा परिवारको संख्या १७ हजार ३८४ रहेका छन् । जिल्लाको जनघनत्व ७० रहेको छ ।यस्तै, गोरखाका २३ हजार ६८ जना विदेशमा रहेको तथ्यांकमा उल्लेख छ । प्रतिशतमा हेर्दा यो कुल जनसंख्याको १.०५ प्रतिशत हुन आउछ ।

## गोरखा जिल्लाका पालिकाहरु

१.गोरखा नगरपालिका

२.पालुङटारनगरपालिका

३.सिरानचोकगाउँपालिका

४.चुमनुव्री गाउँपालिका

५.धार्चे गाउँपालिका

६.अजिरकोट गाउँपालिका

७. आरूघाट गाउँपालिका ८. शहिद लखन गाउँपालिका ९.सुलीकोट गाउँपालिका १०.भीमसेन गाउँपालिका
११.गण्डकी गाउँपालिका

# गोरखा जिल्लाको नक्सा

## गोरखा जिल्ला
(गाउँपालिका / नगरपालिका)




संकेतः

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र

आयुर्वेद औषधालयहरु

नागरिक आरोग्य सेवा केन्द्रहरु

## कार्यालयको परिचय :

बिक्रम सम्वत २०५० सालमा स्थापना भै हाल शहिद लखन गाउँ पालिका वडा नम्बर ६ घैरुङ्ग स्थित यस जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले जिल्ला भरी निःशुल्क स्वास्थ्य प्रबर्द्धनात्मक र रोग प्रतिकारात्मक सेवा अन्तगत आयुर्वेद एवम् योग शिक्षा जडीबुटी परिचयात्मक शिक्षा जीवनशैली परिवर्तन कार्यक्रम ज्येष्ठ नागरिक एवम् स्तन पायी आमा सेवा कार्यक्रमका साथै निदानात्मक र उपचारात्मक सेवाको लागि दैनिक निःशुल्क बिरामी परिक्षण,आयुर्वेद औषधि बितरण मेडिकल ल्याव सेवा र पूर्वकर्म सेवा प्रदान गर्दै आएको छ ।

## कार्यालयका उद्देश्यहरु

- आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराउनु
- स्वस्थ व्यक्तिको स्वास्थको रक्षा गर्नु
- रोगीको रोग निको पार्नु
- कार्यक्रमहरु कार्यान्यन गर्नु
- जिल्ला भित्र अधिकारिक आयुर्वेद संस्था को रुपमा कम गर्नु

## कार्यालयको जिम्मेवारीहरु


- बिरामी जांच ,निदान ,उपचार
- निःशुल्क औषधि वितरण
- प्राप्त कार्यक्रमहरु लागु गर्ने
- संघ संस्था संग समन्नय गर्ने
- आयुर्वेद सम्बन्धि जानकारी गराउने
- निजी आयुर्वेद स्वास्थ्य संस्था को अनुमति दिने

## दरबन्दी तथा पद पूर्तिको विवरण

क .जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखा

| क्र.सं. | पद | श्रेणी | दरबन्दी | सेवा | समूह | पदपूर्ति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार सेवा | |
| १ | आयुर्वेद चिकित्सक | | १ | स्वास्थ्य | आयुर्वेद | १ | | |
| २ | वरिष्ठ कविराज निरिक्षक | | १ | स्वास्थ्य | आयुर्वेद | १ | | |
| ३ | बैद्य निरिक्षक | | २ | स्वास्थ्य | आयुर्वेद | २ | | |
| ४ | लेखापाल | | १ | प्रशासन | लेखा | - | - | रिक्त |
| ५ | ल्याव टेक्निसियन | | ० | ल्याब | | | १ | |
| ६. | वैद्य | | ० | स्वास्थ्य | आयुर्वेद | | १ | |
| ६ | अभ्यंङ्गकर्ता | | ० | स्वास्थ्य | आयुर्वेद | | २ | |
| ६ | कार्यालय सहयोगी | | २ | प्रशासन | प्रशासन | | २ | |
| | जम्मा | | ७ | | | ४ | ६ | |

## ख.संगठन संरचनाः दरबन्दी अनुसार



**कर्मचारीहरुको बिबरण र सम्पर्क नम्बरः**

क.जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा नागरिक आरोग्य सेवा केन्द्र

| कार्यालयको नाम | ठेगाना | कर्मचारीको नाम | पद | तह | मोबाइल नम्बर |
|---|---|---|---|---|---|
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | शहिद लखन गाउँपालिका-६ | डा.प्रशान्त पण्डित | आयुर्वेद चिकित्सक | आठौं | ९८५६०५४६७० |
| | | कुशल कृष्ण शर्मा | बरिष्ठ कविराज निरीक्षक | सातौं | ९८५६०५४६६९ |
| | | राजन अधिकारी | बैद्य निरीक्षक | छैठौं | ९८५६०५४६७१ |
| | | शेर बहादुर गुरुङ | बैद्य निरीक्षक | छैठौं | ९८४१६४९७८५ |
| | | | सहलेखापाल | स.चौथो | रिक्त |
| | | पूजा थापा | ल्याब टेक्निसियन | स.पाँचौ | |
| | | बिमला कुमारी थारु | वैद्य | स.चौथो | ९८४४७०२८०२ |
| | | सोम बहादुर गुरुङ | का.स. | श्रेणी बिहिन | ९८०३४६२८३५ |
| | | लक्ष्मी कोइराला | का.स. | श्रेणी बिहिन | ९८१७१७५६३४ |
| | | इन्दिरा श्रेष्ठ | अभ्यंङ्ग कर्ता | श्रेणी बिहिन | ९८२८११३०६३ |
| | | अदिप आलेमगर | अभ्यंङ्ग कर्ता | श्रेणी बिहिन | ९८१८७७३१८१ |
| नागरिकआरोग्य सेवा केन्द्र | धार्चे गा.पा. | सरोज कुमाल | बैद्य | करार | ९८६०११२९४७ |
| नागरिकआरोग्य सेवा केन्द्र | भीमसेनथापा गा.पा. | अमर पुनमगर | बैद्य | करार | ९८६६१७१८३३ |

| | | | | | |
|---|---|---|---|---|---|
| नागरिकआरोग्य सेवा केन्द्र | सिरानचोक गा.पा | मन्जु थारु | बैद्य | करार | ९८०४५८६६७१ |
| नागरिकआरोग्य सेवा केन्द्र | अजिरकोट गा.पा. | प्रतिक्षा अधिकारी | बैद्य | करार | ९८६१५६२४०८ |
| | | | | | |
| नागरिकआरोग्य सेवा केन्द्र | आरुघाट गा.पा. | दिपक सापकोटा | बैद्य | करार | ९८६१९१३५८९ |

## ख.आयुर्वेद औषधालयहरु

| कार्यालयको नाम | ठेगाना | कर्मचारीको नाम | पद | तह | मोबाइल नम्बर |
|---|---|---|---|---|---|
| पालुंगटार आ.औ. | पालुंगटार न.पा.वार्ड -५ | हितकाजी श्रेष्ठ | ब.कविराज निरीक्षक | सातौं | ९८६७७५८९२० |
| | | बसन्त घिमिरे | बैद्य निरीक्षक | छैठौं | ९८५६०१०९९८ |
| | | हरी देवकोटा | का.स. | पाँचौं | ९८४६१८५४६० |
| | | बिमला नेपाली | का.स. | करार | ९८१६१२५४६१ |
| दर्बुंग फुजेल आयुर्वेद औषधालय | गण्डकी गाउँपालिका-४ | रिक्त | कविराज | | |
| | | महेन्द्र पन्त | बैद्य निरीक्षक | छैठौं | ९८४१७३०४७६ |
| | | रजनिश कुमार गिरी | बैद्य | स.चौथो | ९८२७६८५९०४ |
| | | चन्द्रमायाँ घर्ति | का.स. | करार | ९८४११८०१४४ |
| | | सपना लामिछाने अर्याल | का.स. | करार | ९८६००५५७८२ |
| गोरखा बजार आयुर्वेद औषधालय | गोरखा नगरपालिका-८ | उमेश दास | कविराज निरीक्षक | छैठौं | ९८४५८३६३४३ |
| | | जीवन कुमार श्रेष्ठ | बैद्य निरीक्षक | छैठौं | ९८४६४१३४२५ |
| | | रिक्त | का.स. | | |
| | | अनिता गुरुङ | का.स. | s/f/ | ९८१६१९३१७८ |
| घ्यालचोक आयुर्वेद औषधालय | गण्डकी गाउँपालिका-८ | नन्द किशोर साह | कविराज निरीक्षक | छैठौं | ९८४५८३६३४३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कृष्ण प्रसाद दुवाडी | बैद्य निरीक्षक | छैठौं | ९८५६०४०८४१ |
| | | सन्तोष प्रसाद घिमिरे | का.स. | पाँचौ | ९८४१९११९४० |
| | | सिता लामीछाने घिमिरे | का.स. | पाँचौ | ९८१६२१६००४ |
| सौरपानी आयुर्वेद औषधालय | बारपाक सुलिकोट गाउँपालिका-४ | बिरेन्द्र यादव | कविराज निरीक्षक | छैठौं | ९८४५१३१३८९ |
| | | नन्दा बोहोरा | बैद्य | स.चौथो | ९८४८७०७४६२ |
| | | यदु प्रसाद ढकाल | का.स. | करार | ९८६६४९०३८३ |
| | | सुक बहादुर गुरुङ | का.स. | करार | ९८४२००३६९३ |
| मनकामना आयुर्वेद औषधालय | शहिद लखन गाउँपालिका-२ | डोलराज पौडेल | ब.कविराज निरीक्षक | सातौं | ९८४५१३३९५७ |
| | | रम्भा पौडेल | बैद्य निरीक्षक | छैठौं | ९८४६१९४६८० |
| | | सुनिल थापा | का.स. | | |
| | | मिशन थापा | का.स. | करार | ९८२६१०२८६० |

## गोरखा जिल्लामा अवस्थित स्थानीय आयुर्वेद संस्थाहरु :

१. पालुंगटार आयुर्वेद औषधालय
२.मनकामना आयुर्वेद औषधालय
३.घ्याल्चोक आयुर्वेद औषधालय
४.सौरपानी आयुर्वेद औषधालय
५.गोरखाबजार आयुर्वेद औषधालय
६.दर्बुंग फुजेल आयुर्वेद औषधालय

## नागरिक आरोग्य सेवा केन्द्रहरु

१. नागरिक आरोग्य सेवा केन्द्र धार्चे
२. नागरिक आरोग्य सेवा केन्द्र आरुघाट
३. नागरिक आरोग्य सेवा केन्द्र भीमसेनथापा
४. नागरिक आरोग्य सेवा केन्द्र अजिरकोट
५. नागरिक आरोग्य सेवा केन्द्र सिरानचोक

## कार्यालयको भौतिक पूर्वाधार

| क्र.स | कार्यालयको नाम | स्थापना मिति | जग्गाको क्षेत्रफल | भवनको विवरण (कच्ची/पक्की,आफ्नै/भाडाको) | कम्पाउन्ड वाल्ड(छ,छैन) | स्टाफ क्वाटर (छ,छैन/प्रयास,अप्रयास) | खानेपानीको व्यवस्था (छ/छैन) | सवारी साधन (छ,छैन/प्रयास,अप्रयास) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | २०५० | १४ रोपनी | निर्माण को अवस्था | छैन | छैन | छ | मोटरवाइक १ थान बिग्रेको | भवन निर्माण हुदै छ |

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | आफ्नै जग्गा भएका स्वास्थ्य संस्था संख्या | ६/७ |
| २ | स्वास्थ्य संस्थाको आफ्नै भवन भएका स्वास्थ्य संस्था संख्या | ६/७ |
| ३ | निर्धारित मापदण्ड अनुसारका भवन भएका स्वास्थ्य संस्था संख्या | ०/७ |
| ४ | सेवाग्राही र सेवा प्रदायकको लागि छुट्टै शौचालय भएका स्वास्थ्य संस्था संख्या | १/७ |
| ५ | सुरक्षित खानेपानीको नियमित उपलब्धता भएका स्वास्थ्य संस्था संख्या | ६/७ |
| ६ | टेलिफोनको उपलब्धता भएका स्वास्थ्य संस्था संख्या | २/७ |
| ७ | बिद्धुतको उपलब्धता भएका स्वास्थ्य संस्था संख्या | ७/७ |
| ८ | सोलार ब्याकअप जडान भएका स्वास्थ्य संस्था संख्या | ५/७ |
| ९ | कम्प्युटर वा ल्यापटप भएका स्वास्थ्य संस्था | ७/७ |
| १० | इण्टरनेट सुविधा भएका स्वास्थ्य संस्था संख्या | ६/७ |
| ११ | एम्बुलेन्स सेवाको उपलब्धता भएका स्वास्थ्य संस्था संख्या | ०/७ |
| १२ | कर्मचारी आवास भएका स्वास्थ्य संस्था संख्या | ०/७ |
| १३ | मोटरबाटो पुगेका स्वास्थ्य संस्था संख्या | ७/७ |


**निजी र सामुदायिक आयुर्वेद स्वास्थ्य संस्थाको बिवरणः**

कुनै पनि संस्थाले अनुमति लिएको छैन


## बिरामी तथ्याङ्क विवरण

| क्र.सं,. | बिवरण | जना |
|---|---|---|
| १. | जिल्लाको जम्मा बिरामी संख्या | ३९९५ |
| २. | औषधालयका जम्मा बिरामी | १६३५० |
| ३. | नागरिक आरोग्य सेवा केन्द्रका बिरामी | ४७०५ |
| | सबैको बहिरंग सेवाका जम्मा बिरामी संख्या(१+२+३) | **२५०५०** |
| ४. | स्तनपायी सेवा ग्राहीको संख्या | २९१ |
| ५ | ज्येष्ठ नागरिक सेवाका जम्मा संख्या | १२१५ |
| ६ | पंचकर्म पूर्वकर्म सेवाका जम्मा बिरामी संख्या | १३८९ |
| ७ | गाउँघर /नागरिक आरोग्य क्लिनिक क्लिनिक | ४९९३ |
| ८ | आयुर्वेद स्वास्थ्य शिबिर | १५९८ |
| ९ | स्वास्थ्य प्रवर्धनका लागि जीवन शैली परिवर्तन कार्यक्रम | १५७ |
| १० | प्रयोगशाला सेवा | ३३० |
| ११ | कर्पोरेट योग कार्यक्रम | ८३ |
| १२ | बिद्ध्यालय आयुर्वेद तथा योग कार्यक्रम | ८०२ |
| | **जम्मा** | ३५९०८ |


## १.संस्थागत बिरामी चार्ट





## २. प्रमुख १० रोगहरु को चार्ट




## ३. बिगत ३ आ.व. को बिरामी चार्ट




## ४.लिङ्ग अनुसार बिरामी चार्ट



## बार्षिक कार्यक्रम र बजेटको लक्ष्य/प्रगति विवरण

गण्डकी प्रदेश बाट प्राप्त बार्षिक कार्यक्रम संख्या : १४ र बजेट रु.३०६०००० /-- अन्तर्गत सम्पादन गरेका कार्यक्रमको बिबरण

### कार्यक्रम क्रियाकलापको नाम-

### १.स्वास्थ्य प्रवर्दनका लागि जीवनशैलि परिवर्तन कार्यक्रम तथा योग

बजेट रु ४५००००/-

पृष्ठभूमि र विवरण

हाम्रो समाजमा बढ्दै गएका नसर्ने रोगहरु, व्यस्त र आधुनिक जिवनशैलीको प्रभावले ब्यक्तिगत तनाव व्यवस्थापन चुनौतीको रुपमा रहेको छ । आयुर्वेद सिद्दान्तमा आधारित स्वास्थ्य जीवनशैलीको माध्यमबाट उक्त चुनौतीहरुको न्यूनीकरण गर्न यो कार्यक्रम राखिएको थियो ।

स्वास्थ्य जीवनशैली प्रवर्दनद्वारा समुदायमा नसर्ने रोगहरुको न्यूनीकरण गर्ने यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ । यस कार्यक्रमको लागि स्वीकृत बजेट तिनलाख रहेको थियो र खर्च पनि दतिनलाख नै भएको थियो ।

कार्यक्रम सञ्चालनः

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखा र गोरखा जिल्ला भित्र महिला,शिक्षक,जनप्रतिनिधि. आमासमूहलाई बोलाइ आयुर्वेद सिद्धान्तमा आधारित स्वास्थ्य जीवनशैली र योग सम्बन्धि कार्यक्रम संचालन बिधि सहितको बिषयबस्तु तयार गरी गोरखा नगरपालिका,गण्डकी गाउँ पालिका,शाहिदलखन गाउँपालिका,धार्चे गाउँ पालिकामा कार्यक्रम संचालन गरियो ।

सहभागी संख्या १५७ जना

लाभान्वित संख्या १५७ जना

स्वास्थ्य आयुर्वेद जीवनशैली सँग सम्बन्धित बढदो क्रममा चुनौतीको रुपमा रहेका नसर्ने रोगहरुको न्यूनीकरणमा टेवा पुगेको छ।समुदायले स्वास्थ्य आयुर्वेद जीवनशैली सम्बन्धि जानकारी प्राप्त गरी व्यबहारमा अवलम्वन गरेको छ ।

### २ आयुर्वेद क्षारसुत्र सेवा कार्यक्रम संचालनका लागि आवश्यक सामग्री खरिद

बजेट रु ४८०|-

पृष्ठभूमि र विवरण

आयुर्वेद चिकित्सा बिज्ञानमा प्रभावकारी मानिएका चिकित्सा सेवाहरु थप गर्दै प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य सस्थाहरुमा सेवा बिस्तार गर्दै प्रभावकारी र गुणस्तरीय आयुर्बेद चिकित्सा सेवा उपलब्ध गराउने

अभिप्रायका साथ अर्श भागन्दर लगायतका रोगहरुको उपचारका लागि  क्षार सुत्र सेवा संचालनको लागि यो कार्यक्रम आवश्यक परेको हो।

क्षार सुत्र चिकित्साको माध्यमबाट अर्श, भागन्दर लगायतका रोगहरुको उपचारका लागि आवश्यक पर्ने सामाग्रीहरु उपलब्ध गराई सेवा सुनिस्चित गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

कार्यक्रम सञ्चालनः

क्षारसुत्र सेवा संचालनका लागि आवश्यक सामाग्रीहरुको लागत अनुमान सुची, स्पेसिफिकेसन एवम् परिमाण तयार गरी  कार्यालय प्रमुखबाट स्वीकृत गरी रु. पाँचलाख सतासी हजारको क्षारसुत्रका लागी आवश्यक औजार, उपकरणहरु ओटी बेड,ओटी लाईट आदि खरिद गरियो ।

## ३ पंचकर्म पूर्वकर्म कार्यक्रम सेवा संचालनको लागि

विनियोजित रकम २४००००/-

पृष्ठभूमि र विवरण

आयुर्बेद चिकित्सा विज्ञानमा प्रभावकारी मानिएका चिकित्सा सेवाहरु थप गर्दै प्रदेश मातहतका आयुर्वेद स्वास्थ्य सस्थाहरुमा सेवा विस्तार गर्दै प्रभावकारी र गुणस्तरीय आयुर्वेद चिकित्सा सेवा उपलब्ध गराउने अभिप्रायका साथ पंचकर्म सेवा संचालन तथा विस्तारका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण साथै सामाग्रीहरु खरिद गरि सेवा संचालन गर्नका लागि यो कार्यक्रम राखिएको हो ।

पंचकर्म सेवा संचालन तथा विस्तारका लागि आवश्यक पर्ने सामाग्रीहरु उपलब्ध गराई सेवा सुनिस्चित गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ ।

कार्यक्रम सञ्चालनः

पंचकर्म सेवा संचालन तथा विस्तारका लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद गरी स्नेहन, श्वेदन, शिरोधारा, पिण्डश्वेद, नाडीश्वेदन आदि पूर्वकर्म  सेवा संचालन गरियो । पंचकर्म सेवा संचालन तथा बिस्तारको लागि आवश्यक स्नेहन टेबल खरिद गरीयो

## ४ ज्येष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम

विनियोजित रकम २४००००/-

पृष्ठभूमि र विवरण

जेष्ठ नागरिक हाम्रो समाजका अग्रज बौद्धिक सम्पति हुन् । नेपालमा जेष्ठ नागरिकहरुको संख्या क्रमश बृद्धि हुदै गैरहेको छ । जेष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गर्नु राज्यको दायित्व हो । जिल्ला भित्र रहेका जेष्ठ नागरिक सँग सम्बन्धित सस्थाहरु (मानव सेवा आश्रम, बृद्धाश्रम आदि) वा समुदायमा रहेका जेष्ठ नागरिकहरुका स्वास्थ्य सँग सम्बन्धित समस्याहरुको आयुर्वेद चिकित्सा पद्धतिको माध्यमबाट उपचार, परामर्श, साथै स्वास्थ्य प्रवर्धन सम्बन्धि क्रियाकलापहरु द्वारा जेष्ठ नागरिकहरुको स्वास्थ्य सुधार र जीवनशैली सहज गराउनको लागि यो कार्यक्रम आवश्यकता भएको हो ।

जेष्ठ नागरिकहरुका स्वास्थ्य सँग सम्बन्धित समस्याहरुको आयुर्वेद चिकित्सा पद्दतिको माध्यामबाट उपचार, परामर्श साथै स्वास्थ्य प्रबर्धन गर्ने यस कार्यक्रमको मूल उद्देश्य हो ।

कार्यक्रम सञ्चालनः भीमसेनथापा गाउँपालिका को कालिगण्डकी बृधाश्रम मा संचालन गरियो /

लाभान्वित जनसंख्याः ८३ जना

प्रतिफलः

आयुर्वेद चिकित्साको माध्यमबाट जेष्ठ नागरिकहरुका स्वास्थ्य सम्बन्धि समस्याहरुको न्यूनीकरणमा सहयोग भएको छ ।जेष्ठ नागरिकहरुको जीवनशैली सहज हुन मद्दत पुगेको छ ।

## ५ स्थानीय तहको सहकार्यमा परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थानीय जडीबुटीहरुको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमूखीकरण कार्यक्रम (पुस्ता हस्तान्तरण)

विनियोजित रकम १६००००/-

पृष्ठभूमि र विवरण

ग्रामिण क्षेत्रमा बहुउपयोगी जडिबुटीहरुको नास हुदै गइ रहेको छ । भएका जडिबुटीहरुको पहिचान, नामकरण, प्रयोगमा कमि हुदै आईरहेको छ, तसर्थ परम्परागत रुपमा प्रयोग भैरहेका जडिबुटीहरुको सम्बर्धन, संरक्षण र प्रयोग गर्नु जरुरि छ । आयुर्वेद स्वास्थ्यकर्मीहरुको ज्ञान सिपको अभिलेखीकरण साथै स्थानीय जडिबुटीहरुको पहिचान, संरक्षण र प्रयोगका बारेमा उनीहरुको क्षमता अभिबृद्धि गरि प्रयोग दर बिर्धि गर्नका लागि यो कार्यक्रम राखिएको हो ।

उदेश्य

- परम्परागत स्वास्थ्यकर्मीहरुको ज्ञान तथा सिपको अभिलेखीकरण गर्ने ।
- स्थानीय जडिबुटीहरुको, पहिचान, संरक्षण र प्रयोग सम्बन्धमा क्षमता अभिबृधि गर्ने ।

कार्यक्रम सञ्चालनः सहिदलखन गाउँपालिका लाई छनौट गरि पुस्तौंदेखि परम्परागत स्वास्थ्य सेवामा संग्लन व्यक्तिहरुको तथ्यांक सङ्कलन गरि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरियो । जिल्लामा पाइने जडिबुटीहरुको सङ्कलन गरि अभिमुकरण, प्रदशनी र छलफल गरियो।

सहभागी संख्याः १०७

लाभान्वित जनसंख्याः१०७ जना

प्रतिफलः परम्परागत आयुर्वेद स्वास्थ्यकर्मीहरु संग रहेको ज्ञान र सिपको अभिलेखीकरण हुनुका साथै स्थानीय जडिबुटीहरु पहिचान, संरक्षण भै स्थानीय स्तरमा जडिबुटीहरुको प्रयोगात्मक ज्ञान बढाइएको छ ।

## ६. प्रयोगशाला संचालनका लागि आवश्यक पर्ने उपकरण रिएजेन्ट र किट आदि सामाग्री खरिद

विनियोजित रकम १५००००/-

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखाको लागि प्रयोगशाला संचालनको लागि आबश्यक पर्ने सामाग्रीहरु खरिद गरी प्रयोगशाला नियमित संचालन गरियो

## ७.महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि आयुर्वेद सम्बन्धि अभिमुखीकण कार्यक्रम

विनियोजित रकमः१८००००/-

महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि आयुर्वेद सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरी ८१ जना स्वयं सेबिकहरुलाई अभिमुखीकरण गरियो

## ८. बिद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रमः

विनियोजित बजेटःरु. १५००००/-

बिद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम संचालन गरी २२ जना शिक्षक र ४०९ जना विद्यार्थीहरुलाई तालिम र योग शिक्षा प्रदान गरी नियमित अभ्यास गर्न सक्षम बनाइएको

## ९.आधारभूत तथा अत्याबश्यक औषधि,रिएजेन्ट लगाएतका स्वास्थ्य सामग्री खरिद

विनियोजित बजेटः१५००००/-

यस जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखाको लागि आबश्यक पर्ने अत्याबश्यक औषधि खरिद गरी कार्यालय बाट निसुल्क वितरण गरियो

## १०.संगठित रुपमा योग संचालनः

विनियोजित बजेटः१६००००/-

विभिन्न जमघट हुने कार्यक्रम,बैठक आदिहरुमा संगठित रुपमा योग,प्राणायाम ध्यानका कार्यक्रमहरु संचालन गरी कार्यक्रमको मर्म अनुसार संगठित रुपमा योगको व्यापकता उजागर गरियो

## ११. स्वस्थ्यकर जीबनशैलीप्रबर्धनमा गृहणीहरुका लागि भान्सा सुधार कार्यक्रम

आफ्ना घरवरपर करेसबारिहरुमा ताजा बिषादी रहित सागसब्जिहरुको उत्पादन गर्न तथा स्थानिय स्तरमा उपलब्ध खाद्यान्न लागयतका बस्तुहरुको उपयोगमा बृधि गरी स्वस्थ्यकर खानपान एबम स्वास्थ्य जिबनशैलीको लागि गृहणीहरुको ब्यबहारमा प्ररिबर्तन गर्न गण्डकी गाउँपालिका र पालुंगटार मा कार्यक्रम संचालन गरियो ,

जम्मा लाभान्वित — १०८ जना

## १२. ट्राफिक प्रहरीहरुलाई नस्य कर्म सम्बन्धि तालिम

बढ्दो बायु प्रदुषणका करण मानब जिबनको स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ यसको प्रत्यक्ष रुपमा सडकका आसपासमा कार्यरत ट्राफिक प्रहरीहरु प्रभावित भैराखेका छन् ,आयुर्वेद मा बायु प्रदुषण बाट स्वास्थ्यमा पर्ने नकारात्मक असरहरुबाट बच्नकोको लागि बिबिध उपायहरु बताईएको छ,बायु प्रदुषणका कारण उत्पन्न हुने स्वास्थ्य समस्याहरु लाई आयुर्वेद को मध्यम बाट रोकथाम तथा न्यूनीकरण गरी ट्राफिक प्रहरीहरुको स्वास्थ्य अवस्था सुधार भएको छ /गोरखा जिल्ला भित्र कार्यरत ट्राफिक प्रहरीहरु लाई यो तालिम दिएको थियो /

जम्मा लाभान्वित — १७ जना

१३. आयुर्वेद स्वास्थ्य संस्थाहरुमा MSS कार्यक्रम

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखा मा २०८०/०५/०७ र २०८०/११/२५ गते २ पटक कार्यक्रम संचालन भएको थियो र मापदण्ड पुरा गर्न आबश्यक सामग्री खरिद गरियो /

**क.गण्डकी प्रदेश बाट प्राप्त वार्षिक कार्यक्रम संख्या १० र बजेट रु.३०,००,०००/-अन्तरगत सम्पादन भए गरेका कार्यक्रमहरुको विवरण**

| क.सं. | कार्यक्रमको नाम | भौतिक प्रगति % | वित्तीय प्रगती % | सेवाग्राही र लाभग्राही संख्या | |
|---|---|---|---|---|---|
| १. | ज्येष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम | १०० | ९८ | ८३ | |
| २. | स्थानीय तहको सहकार्यमा परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थानीय जडीबुटीहरुको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमूखीकरण कार्यक्रम (पुस्ता हस्तान्तरण) | १०० | ९३ | १०७ | |
| ३. | प्रयोगशाला संचालनका लागी आवश्यक पर्ने उपकरण, रिएजेन्ट र किट खरिद | १०० | ९८ | | |
| ४. | बिद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | १०० | ९४ | ४३१ | |
| ५. | स्वास्थ्य प्रवर्दनका लागि जीवनशैलि परिवर्तन कार्यक्रम तथा योग | १०० | ९९ | १५७ | |
| ६. | आयुर्वेद क्षारसुत्र सेवा कार्यक्रम संचालनका लागि आवश्यक सामग्री खरिद | ७५ | ६३ | | |
| ७ | ट्राफिक प्रहरीहरुलाई नस्य कर्म तालिम | ७५ | ६३ | १७ | |
| ८ | गृहणीहरुका लागि भन्दा सुधार कार्यक्रम | १०० | ९५ | ११० | |
| ९ | आयुर्वेद स्वास्थ्यसंस्थाहरुमा mss कार्यक्रम संचालन | १०० | ९८ | | |
| १० | संगठित रुपमा योग संचालन corporate yoga | १०० | ७८ | १२१ | |
| ११ | आधारभूत अत्याबश्यक औषधि स्वास्थ्य सामग्री खरिद | १०० | ९८ | | |
| १२ | पंचकर्म/पुर्बकर्म कार्यक्रम संचालन | १०० | ९२ | | |
| १३ | औषधालय का कर्मचारीहरुलाई अनुशिक्षण कार्यक्रम | १०० | ६४ | | |

## पूँजीगततर्फ प्रदेश समानीकरण

कार्यक्रम संख्याः ३

बार्षिक बजेटः रु.१०००००० /-

खर्च बजेटः रु.९९३०००/-

भौतिक प्रगति १००% वित्तीय प्रगती ९९%

| सि.नं | कार्यक्रम | बिनियोजन रकम रु | भौतिक प्रगति प्रतिशत | बित्तियप्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | कार्यालयको लागि आवश्यक मेशिनरी औजार उपकरण खरिद | २५०००० | १०० | |
| २ | कार्यालयको लागि फर्निचर एण्ड फिक्चर्स खरिद | २५०००० | १०० | |
| ३ | कार्यालयको भवनको मर्मत तथा सम्भार | ५००,००० | १०० | |
| | जम्मा | १६५०००० | १०० | |

पूँजीगत कार्यक्रमको विवरण (प्रदेश समानीकरण)

- कार्यालय लाई आवश्यक पर्ने फर्निचर\हरु टेबल,कुर्ची,दराज,रयक,खरिद गरिएको
- मेसिनरी औजारमा प्रिन्टर ,ल्यापटप आदि खरिद भएको
- कार्यालयको भवन को मर्मत सम्भार गर्ने काम भएको

## ख.संघीय सरकार बाट प्राप्त सशर्त तर्फ

बार्षिक कार्यक्रम संख्या ७

बार्षिक बजेटः रु.३६५१०००/-

खर्च बजेटः रु. ३२८९०००/-

भौतिक प्रगति ९१.६७%    वित्तीय प्रगती ९०%

### यस अन्तरगत  कार्यक्रमहरुको बिबरण

### १.कार्यक्रमको नामः औषधि खरिद

| | |
|---|---|
| परिचय | गुणस्तरीय औषधी र स्वास्थ्य सामग्रीको सहज तथा प्रभावकारी आपूर्ति एवं उपयोगलाई सुनिश्चित गर्दै आयुर्वेद स्वास्थ्य संस्थाहरूमा सेवा लिन आउने सेवाग्राहीलाई  तोकिएका औषधि निःशुल्क रूपमा निरन्तर उपलब्ध गराउनु हो । |
| उद्देश्य | • स्थानीयरुपमा देखिनेरोगहरूको प्राथमिकता अनुसार निरन्तर व्यवस्था हुने गरि आवश्यक आयुर्वेद औषधि खरिद गर्ने ।<br>• निःशुल्क औषधिसहितको सेवा निरन्तर प्रवाह गर्ने। |
| प्रतिफल | बार्षिक खरिद योजना अनुसार २३ प्रकारका आयुर्वेदिक औषधि खरिद गरिएको / |
| बजेट | ६४८०००।— |
| बजेट खर्च | ६४७००० |

२.कार्यक्रमको नामः जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रबर्धन सेवा कार्यक्रम ।

| | |
|---|---|
| परिचय | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने जेष्ठ नागरिक सेवाग्राहीहरुको पहिचान गरी नियमित रूपमा स्वास्थ्य जाँच तथा प्रबर्धन गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो । |

| | |
|---|---|
| उद्देश्य | जेष्ठ नागरिकहरूको शारीरिक जाँच गरी रसायन चिकित्सा र योगको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रवर्धन र उचित परामर्श दिनु । |
| प्रतिफल | • जेष्ठ नागरिकहरूले नियमित रूपमा आवश्यक सेवा एवं औषधोपचार प्राप्त ।<br>• योग तथा उपयुक्त आहारविहार अपनाएर जीवनशैली परिवर्तन गरी स्तरीय जीवनयापन ।<br>• रसायन औषधिहरूको प्रयोगबाट जेष्ठ नागरिकहरूको स्वास्थ्य संरक्षण र प्रवर्धन भएको ।<br>• आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने जेष्ठ नागरिक सेवाग्राहीहरु तथा समुदायमा स्वास्थ्य सेवाबाट बञ्चित, सेवाग्राहीको पहिचान गरी नियमित रूपमा स्वास्थ्य जाँच गरिएको ।<br>• कार्यक्रम जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मा संचालन भएको / |
| बजेट बाँडफाँड | ८१०००/- |
| बजेट खर्च | ७९०००/- |

३. कार्यक्रमको नामः स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडिबुटी जन्य औषधि वितरण सम्बन्धि कार्यक्रम ।

| | |
|---|---|
| परिचय | मातृशिशु स्वास्थ्य र स्तनपानको महत्व बुझाउन,आमा र बच्चाको स्वास्थ्य सुधार गर्न तथा कुपोषणजन्य रोगबाट बचाउन, सुत्केरी महिलाको पर्याप्त दूध बढाउन शतावरीचूर्ण वितरण गर्न र सेवाग्राहीमा सो सम्बन्धि चेतनामूलक सामाग्री वितरण गर्न यो कार्यक्रम राखिएकोहो । |
| उद्देश्य | • आमा र बच्चाको स्वास्थ्य सुधार गर्ने तथा कुपोषणजन्य रोगबाट बचाउने<br>• स्तनपानको महत्वबारे स्तनपायी महिलाहरूलाई जनचेतनामूलक स्वास्थ्य शिक्षा प्रदान गर्ने ।<br>• मातृशिशु मृत्युदर घटाउने । |
| प्रतिफल | • शतावरी चूर्ण, दशमूल तेलको समेत प्रयोगबाट शिशु र आमाको स्वास्थ्यमा सुधार आएको ।<br>• स्तनपायी महिलाहरू आफ्नो शिशुलाई स्तनपान गराउन उत्प्रेरित ।<br>• बच्चाको शारीरिक र मानसिक बृद्धि र विकासमा सघाउ पुगेको ।<br>• कुपोषणजन्य रोगहरूको रोकथाम मा सहयोग भएको ।<br>• बाल मृत्युदर घटाउन मद्धत पुगेको । |

| | |
|---|---|
| | • कार्यक्रम मा ५०जना ले सेवा लिएको ।<br>• नियमित सुत्केरी महिला र बच्चा लाई परिक्षण गरिएको । |
| बजेट बाँडफाँड | ८१०००/- |
| बजेट खर्च | ८१०००/- |

४.कार्यक्रमको नामः पंचकर्म(पूर्वकर्म) कार्यक्रम ।

| | |
|---|---|
| परिचय | पूर्वकर्म कार्यक्रमका माध्यमबाट आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरूको स्वास्थ्य प्रवर्धन गर्न यो कार्यक्रम संचालन गरिएको हो । |
| उद्देश्य | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा आउने सेवाग्राहीहरूको जाँच गरी पूर्वकर्मको माध्यमबाट स्वास्थ्य संरक्षण, प्रवर्धन, आवश्यक उपचार र उचित परामर्श दिने । |
| प्रतिफल | • यस सेवाबाट बिरामीहरू तथा सेवाग्राहीहरूको स्वास्थ्य संरक्षण, प्रवर्धन र पुनर्स्थापनामा सघाउ पुगेको छ । कार्यक्रम जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र बाट संचालन भएको छ । |
| बजेट बाँडफाँड | ४८६०००/- |
| बजेट खर्च | २४६०००/- |

५ .कार्यक्रमको नामः विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम

| | |
|---|---|
| परिचय | स्वस्थवृत्त(दिनचर्या,ऋतुचर्या,आहारविहारआदी),सदवृत्त,आचार रसायन, जीवनशैलीसम्बन्धी सचेतना तथा स्थानीयस्तरमा प्राप्त हुने जडिवुटीको उपयोगीता बारे जानकारी गराउन र योगको बारेमा जानकारी दिन साथै योगका विभिन्न क्रियाकलापहरुको अभ्यास गराउन विद्यालय आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम राखिएको हो । |
| उद्देश्य | • आयुर्वेद चिकित्सा सेवा प्रदान गर्ने संस्थाहरूबाट पाइने सेवाहरूबारे जानकारी गराउने ।<br>• स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहार, विहार आदि), स्वस्थ जीवनशैली सम्बन्धी सचेतना गराउने । |

| | |
|---|---|
| | • स्वास्थ्यकर्मी, विद्यार्थी र समुदायबीचको सम्बन्ध सकारात्मक र समन्वयात्मक बनाउने ।<br>• योगको बारेमा जानकारी दिने तथा योगका विभिन्न क्रियाकलापहरुको अभ्यास गराउने ।<br>• घर वरिपरीका जडिबुटि र यिनको उपयोगको सम्वन्धमा सामान्य जानकारी गराउने । |
| प्रतिफल | • आयुर्वेद चिकित्सा सेवा प्रदान गर्ने संस्थाहरूबाट पाइने सेवाहरूबारे जानकारी भएको छ ।<br>• स्वस्थवृत्त (दिनचर्या, ऋतुचर्या, आहार, विहार आदि), स्वस्थ जीवन शैली सम्बन्धी सचेतना प्राप्त भई स्वस्थ समाज निर्माण मा सहयोग भएको छ ।<br>• स्थानीयस्तरमा प्राप्त हुने जडिवुटीको उपयोगिता बारे जानकारी भई विद्यालय परिसर तथा आफ्नो घरवरिपरि पनि रोप्न प्रोत्साहित गरियो।<br>• स्वास्थ्यकर्मी, विद्यार्थी र समुदायबीचको सम्बन्ध सकारात्मक र समन्वयात्मक भएको छ ।<br>• स्वस्थ जीवनका लागि योगको महत्व बारेमा जानकारी प्राप्त भई योगअभ्यास आफूले पनि गर्ने र अरुलाई पनि सिकाउन सक्ने छन् ।<br>• कार्यक्रम ३ वोटा बिदध्यालय मा संचालन गरि १२६ जना सहभागी भएका थिए / |
| बजेट वाँडफाँड | १२२०००।– |
| बजेट खर्च | ११९०००/- |

६.कार्यक्रमको नामः प्रयोगशालाका लागि ल्याव कर्मचारीको निरन्तरता ।

| | |
|---|---|
| परिचय | प्रयोगशाला संचालन भैरहेका जिल्लास्थित संस्थाका लागि आवश्यक स्थायी कर्मचारीको दरवन्दि नभएकाले सेवा करारमा आवश्यक कर्मचारी व्यवस्थापन गरि प्रयोगशाला सेवा सुचारू गर्न यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | • प्रभावकारी एवं शुलभ निदान तथा उपचार व्यवस्थापनका लागि प्रयोगशाला सेवा संचालन गराउनु । |
| प्रतिफल | • ल्याब सेवा संचालन भई २७७ जना ले सेवा लिएका छन् |
| बजेट वाँडफाँड | ४०५०००।– |
| बजेट खर्च | ३,९२,०००/- |

७.कार्यक्रमको नामःनागरिक आरोग्य सेवाकेन्द्र तथा अभियान संचालन ।

| | |
|---|---|
| परिचय | संघिय सरकारको बार्षिक नीति तथा कार्यक्रम अनुसार निरोगी नेपाल निर्माण अभियान अघि बढाउन सुदृढ सार्वजनिक स्वास्थ्य सेवाका अतिरिक्त स्वच्छ र सन्तुलित आहार ,शारीरिक व्ययाम,सरसफाई ,सहितको स्वस्थ जीवनशैली अवलम्वन गरी आयुर्वेद लगायतका वैकल्पिक उपचार पद्धतिको प्रवर्द्धन गर्न स्थानीय तह एवं सामुदायिक संघसंस्था समेतको सहभागितामा आरोग्य केन्द्र,खुला व्यायामशाला र योग केन्द्र संचालनार्थ नागरिक आरोग्य सेवा केन्द्र स्थापनाको शुरूवात भएको हो । |
| उद्देश्य | • स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गर्ने ।<br>• आधारभूत आयुर्वेद स्वास्थ्य सेवा समेत उपलव्ध गराउने । |
| प्रतिफल | • सेवाग्राहीहरूको स्वास्थ्य प्रवर्धन भै दीर्घायु जीवन यापन भएको छ ।<br>• सेवाग्राहीहरू विभिन्न सर्ने तथा नसर्ने रोगहरुबाट बच्न सक्नेछन् ।<br>• |
| बजेट वाँडफाँड | १८२८०००/- |
| बजेट खर्च | १७२४०००/- |

## भौतिक तथा बित्तिय प्रगति विवरण

| क्र.सं. | कार्यक्रमको नाम | भौतिक प्रगति | वित्तीय प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रयोगशाला संचालन अन्य सेवा शुल्क समेत | १०० | ९६ | |
| २ | औषधि खरिद | १०० | ९९ | |
| ३ | जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्धन कार्यक्रम | १०० | ९८ | |
| ४ | बिद्ध्यालय आयुर्वेद तथा योग कार्यक्रम | १०० | ९७ | |
| ५ | पंचकर्म पूर्व कर्म कार्यक्रम | ५० | ५० | |
| ६ | स्तनपायी आमा हरुलाई मातृ शिशु सुरक्षार्थ दुग्ध बर्धक तथा अन्य औषधि बितरण कार्यक्रम | १०० | ९६ | |
| ७ | नागरिक आरोग्य सेवा केन्द्र तथा अभियान संचालन खर्च | १०० | ९४ | |

बार्षिक लक्ष्य अनुसार सपन्न हुन नसकेका कार्यक्रमहरुः छैन ।

**विविध**

कार्यालयका प्रमुख उपलब्धिहरु

- Pathology lab सेवा संचालन भएको ।
- नागरिक आरोग्य सेवा केन्द्र स्थापना बाट तल्हो तह सम्म आयुर्वेद सेवा पुगेको छ।
- आयुर्वेद को प्रचार प्रशार र गुणस्तरीय आयुर्वेद सेवा मा विश्वास बढेको छ।
- कार्यालयको परिसरमा भगवान धन्वन्तरीको मन्दिर र मूर्ति स्थापना भएको

**कार्यक्रम कार्यान्वयन एवं सेवा प्रवाहका सबल पक्षहरुः-**

| क्रसं. | सवल पक्षहरु |
|---|---|
| १ | • लक्ष्य अनुसारका कार्यक्रमहरु सफलता पुर्बक सम्पन्न गर्नु ।<br>• Team Work को भाबना बिकाश हुनु ।।<br>• कर्मचारीहरुले आफ्नो जिम्बेबारी अनुसार कार्य गर्नु ।<br>• सम्बन्धित पक्ष संग समन्नय गरी कार्य गर्नु ।<br>• तालुक कार्यालय बाट नियमन तथा निर्देशन हुनु । |
| २ | नागरिक आरोग्य सेवा केन्द्र स्थापना बाट तल्हो तह सम्म आयुर्वेद सेवा पुगेको छ / |
| ३ | आयुर्वेद को प्रचार प्रशार र गुणस्तरीय आयुर्वेद सेवा मा विश्वास बढेको छ । |
| ४ | प्रत्यक्ष जनसरोकार राख्ने विषयहरु जस्तै स्वस्थ जीवनशैली कार्यक्रमलाई जति सक्दो पहुँच बढाउन, ब्रोशर,पम्पलेट,बूक्लेट तथा क्यालेण्डरको माध्यमबाट सुचना सामग्रीहरु प्रकाशित गरी समुदयालय लाई वितरण गर्दा आयुर्वेद प्रति आकर्षण बढेको । |
| ५ | ल्याब सेवा सञ्चालन हुँदा सदरमुकाम जान नपरेको । |
| ६ | समग्र आयुर्वेद सेवा प्रति सरोकार वालाहरुको ध्यानाकर्षण भएको र जनचासो बढेको । |

**कार्यक्रम कार्यान्वयनमा आईपरेका समस्या, समस्या समाधानका लागि गरीएका उपाय तथा जिम्मेवार तह**

| **क्रस.** | **क्षेत्र** | कार्यक्रम कार्यान्वयनमा आईपरेका समस्या समस्या | समस्या समाधानका लागी गरीएका उपाय | जिम्मेवार तह |
|---|---|---|---|---|
| १ | | सबारीसाधन को कारण दुर्गम स्थानमा कार्यक्रम गर्न नसकिएको | सम्बन्धित निकायमा जानकारी ,पत्राचार गरिएको | |
| २ | | बजेट कम बिनियोजन को कारण धेरै area coverage गर्न नसकिएको | सम्बन्धित निकायमा जानकारी ,पत्राचार गरिएको | |
| ३ | | कार्यालय भवनको भौतिक अवस्था | सम्बन्धित निकायमा जानकारी ,पत्राचार गरिएको | |
| ४ | | कर्मचारीलाई नियमित तालिमको अभाव | सम्बन्धित निकायमा जानकारी ,पत्राचार गरिएको | |
| ५ | | जनशक्ति अभाव | सम्बन्धित निकायमा जानकारी ,पत्राचार गरिएको | |

समस्या समाधानका उपायहरुः-

| क्रसं. | उपायहरु |
|---|---|
| १ | सबारी साधन खरिद गर्नुपर्ने |
| २ | बजेट बृद्धि गर्नु पर्ने |
| ३ | योग हल भवन बनाउन पर्ने, |
| ४ | कर्मचारी लाई समय समयमा तालिम दिनुपर्ने |
| ५ | आयुर्वेद संस्थाहरुको O & M survey गर्नुपर्ने |

**कार्यक्रम कार्यान्वयन एवं सेवा प्रवाहका अवसरहरुः-**

- आयुर्वेदको जग बलियो हुदै जानु ।

- आयुर्वेद संस्था मजबुत बनाउन सहयोग हुनु ।
- जनबिश्वास बढ्दै जानु ।
- कार्यक्रमहरु बडाउन दबाब पर्नु ।

## कार्यक्रम कार्यान्वयन एवं सेवा प्रवाहका चुनौतीहरुः-

### कार्यालयका नियमित बैठक

| क्रस. | बैठक मिति | नियमित बैठकका मुख्य एजेण्डा | भएका/गरीएका निर्णयहरु | कैफियत |
|---|---|---|---|---|
| १ | २०८०/४/०१ | कर्मचारीहरुको कार्य विवरण र जिम्मेवारी सम्बन्धमा<br>जिन्सी निरीक्षण समिति गठन<br>खरिद एकाई समिति गठन | कार्य बिबरण र जिम्मेवारी तोकिएको<br>जिन्सी निरिक्षण समिति गठन गरीएको<br>खरिद इकाइ समिति गठन गरिएको | |
| २ | २०८०/०५/०१ | वार्षिक कार्य योजना सम्बन्धमा<br>कार्यालय व्यबस्थापन तथा सेवा प्रभावकारी सम्बन्धमा | बजेट कार्यक्रम स्वीकृत भै आए पछी वार्षिक योजना बनाई लागु गर्ने निर्णय/<br>कार्यालय व्यवस्थापन साज सज्जा सेवा ग्राही लाई आकर्षण गर्न बिभिन्न परामर्श गरी कर्मचारीहरु एक जुट भै अघि बढ्ने र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो | |
| ३ | २०८०/०६/०१ | MSS पहिलो लेखाजोखा कार्यक्रम सम्वन्धमा<br>सेवा प्रवाह सम्वन्धमा | न्युनतम सेवा माप दण्डको प्रथम लेखा जोखामा ६८% अंक प्राप्त गरी दोश्रो स्थानमा रहेको, प्राप्त उपलब्धिको संरक्षण गर्दै आएका सुझावहरुलाई सुधार गर्दै लैजाने निर्णय गरियो /<br>आकर्षण र व्यवस्थित ढंगबाट सेवा प्रवाह निरन्तर गर्ने निर्णय | |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०८०/०७/०१ | शुभकामना आदान प्रदान सम्वन्धमा<br>कार्यालयको पालेपहरा सम्वन्धमा | बिजय दशमी तथा दिपावलीको शुभकामना आदान प्रदान स.ले.पा माधव रेग्मी सरुवा भै जि.आ.स्वा.के.स्याङ्गजा जाने भएकोले वधाई एवं शुभकामना दिईयो /<br>बिदाको समयमा कार्यालय बन्द रहने भएकोले कार्यालय को सुरक्षार्थ पाले पहरा को जिम्मा का.स. सोमबहादुर गुरुङ र का.स.लक्ष्मी कोईराला लाई तोक्ने निर्णय गरियो | |
| ५ | २०८०/९/०१ | आ.व.०८०/०८१ मा प्राप्त कार्यक्रम सम्बन्धमा<br>नियमित संचालन भएको सेवा प्रवाह सम्वन्धमा / | प्राप्त कार्यक्रमहरु सथानीय तह संग समन्वय गरी आयुर्वेद को सेवा र पहुँच नपुगेको ठाउँ लाई प्राथमिकतामा राखेर संचालन गर्ने निर्णय गरियो /<br>सेवा प्रबाहलाई अझ प्रभावकारी छिटो छरितो गर्ने र आएका समस्याहरुको छलफल गरी एक आपसमा समन्वय गर्दै सेवा दिने निर्णय गरियो / | |
| ६. | २०८०/१०/०२ | नवौं रास्ट्रिय योग दिवस तथा संगठित योग कार्यक्रम समिक्षा सम्वन्धमा /<br>गृहिणीहरुका लागि भान्सा सुधार कार्यक्रम सम्वन्धमा | माघ १ गते यसै कार्यालयको प्राङ्गणमा नवौं रास्ट्रिय योग दिवस भव्यताका साथ् जन समूदाय को बिचमा सम्पन्न भयो सो अवसरमा कर्पोरेट य्ग कार्यक्रम पनि प्रार्थना प्रानायामा योगासन र ध्यान समेत निकै आकर्षण र प्रभावकारी धनग बाट सम्पन्न भएकोले सवैमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो / | |

| | | | | |
|---|---|---|---|---|
| ७. | २०८०/११<br>/०१ | कर्मचारीको क्षमता अभिवृद्धि गर्ने विद्यालय आर्युवेद तथा योग शिक्षा संचालन सम्बन्धमा | चालु आ.व.मा सम्पन्न गर्नु पर्ने कार्यक्रमहरुको बारेमा जानकारी आदान प्रदान गरियो भोगिएका समस्याहरुको छलफल बाट समाधान गर्ने बिभिन्न प्रस्नोत्तर विमर्श बाट कार्य क्षमता अभिवृद्धि गर्दै जाने निर्णय गरियो ।<br>बिद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम गण्डकी गाउँ पालिका का २ माध्यामिक बिद्यालय र शहिद लाखन गाउँ पालिकाको १ बिद्यालयमा यसै फाल्गुन को दोश्रो र तेस्रो हप्ता संचालन र सम्पन्न गर्ने निर्णय गरियो । | |
| ८. | २०८०/१२/०१ | कर्मचारी तालिम सम्बन्धमा<br>ट्राफिक प्रहरी लाई जलनेती कार्यक्रम सम्वन्धमा<br>स्थानीय जडीबुटीको पहिचान प्रवर्धन र संरक्षण कार्यक्रम सम्बन्धमा | जिल्ला भर कार्यरत कर्मचारीहरुको लागि क्षमता अभिवृद्धि गर्ने आयुर्वेद स्वास्थ्य सँग सम्वन्धित तालिमहरुको लागि राष्ट्रिय आयुर्वेद तालिम केन्द्र सँग समन्वय गर्ने र सबै कर्मचारीहरुको बिबरण पठाउने निर्णय गरियो ।<br>जिल्लाको ट्राफिक कार्यालय सँग समन्वय गरी जनपद प्रहरी तथा शशस्त्र प्रहरी समेतलाई सहभागी गराई यसै महिनाको तेस्रो हप्ता भित्र जलनेती कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो।<br>स्थानीय जडिबूटीको पहिचान संरक्षण तथा सम्वर्धन सम्वन्धि कार्यक्र्म यसै चैत्रको दोश्रो साता भित्र गोरखा नगरपालिकाको बडा नम्बर ४ मा गर्ने गरी निर्णय गरियो । | |

| | | | | |
|---|---|---|---|---|
| ९. | २०८१/०१/०२ | आन्तरिक अनुशिक्षण सम्वन्धमा नयाँ बर्षको शुभकामना आदान प्रदान सम्बन्धमा / | कार्यालयको बिभिन्न शाखामा काम गर्दा आई परेका समस्या हरुको बारेमा बिचार विमर्श गरियो साथै कर्मचारीहरुलाई कार्य सम्पादन सहज र उत्कृष्ट हुने बारेमा एक आपसमा छलफल गर्दै अनुशिक्षण गरीयो/<br>नयाँ वर्ष २०८१ को पावन अवसरमा सम्पूर्ण कम्चरि घर परिवार लागायत सम्पूर्णमा सुख शान्ति समृद्धिको लागि शुभकामना आदान प्रदान गरियो / | |
| १०. | २०८१/०२/०४ | गृहिणीहरुका लागि भान्सा सुधार कार्यक्रम संचालन सम्बन्धमा<br>बिद्यालय आयुर्वेद स्वास्थ्य शिक्षा कार्यक्रम संचालन सम्बन्धमा | जेष्ठ १३ गते जिल्लाको पालुङ्गटार धार्चे न.पा. को बडा नम्बर ४ मा गृहिणीहरुका लागि भान्सा सुधार कार्यक्रम संचालन गर्ने निर्णयगरियो<br>ज्येष्ठ महिनाको १९ गते देखि गोरखा नगरपालिका अन्तर रहेका सबै बिद्यालयका स्वास्थ्य तथा बिज्ञान शिक्षक र नर्सिङ्ग स्टाफ हरु लाई बिद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम संचालन गर्ने निर्णय गरियो/ | |

<u>सिकिएका पाठहरु</u>

- आयुर्वेद सेवा कार्यक्रम सञ्चालनले गर्दा जनमानसमा आयुर्वेद चिकित्सा सेवा प्रति व्यापकता आएको ।
- कार्यक्रम समयमा नै गर्नुपर्ने
- समुदाय को आबश्यकतामा बढी focus हुनुपर्ने
- कम श्रोत साधनमा रहिकन पनि आयुर्वेदका कार्यक्रमहरुलाई जनस्तरसम्म पुऱ्याउन सफल
- स्थानिय निकाय र गैर सरकारी संस्थाहरुसँगको समन्वय आबश्यकता ।

## भावी कार्य योजना

१.आयुर्वेद संस्था नभएको स्थानीय निकायमा नागरिक आरोग्य केन्द्र स्थापना गर्दै लैजाने ।

२.क्षारसुत्र सेवा संचालन गर्ने ।

३.फिजियोथेरापी सेवा संचालन गर्ने ।

४.जडिवुटी उद्धान निर्माण गर्ने ।

## निष्कर्ष र सुझाव

समग्र रुपमा आ ब ०८०/०८१ मा ९१.६७ प्रतिशत भौतिक प्रगति भएको हुँदा आयुर्वेद सेवा प्रबाह राम्रो मान्न सकिन्छ ,सदरमुकाम बाट २४ किमि टाढा भएता पनि प्रगति राम्रो भएको छ । कार्यालयलाई आगामी बर्ष सबारीसाधन को उपलब्धता हुनु आनिबर्य नै छ । कार्यक्रमहरुमा रकम बिनियोजन बढाउनु पर्ने देखिन्छ । सबै स्थानीय निकायमा आयुर्वेदको संस्था विस्तार गर्दै लानुपर्ने देखिन्छ ।

# कार्यालयलाई संघीय सरकार बाट प्राप्त शशर्त तर्फ वार्षिक कार्यक्रम र बजेको लक्ष्य/ प्रगति विवरण

अनुसूची - २

आ.व.२०८०।८१ को भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन

१. आ.व. : २०८०/०८१
२. वजेट उपशीर्षक नं. :३५०२११३३३ संघ शसर्त अनुदान
३. मन्त्रालय/कार्यालय : सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
४. कार्यक्रम/आयोजनाको नाम: जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखा
५. स्थान: गोरखा
६. कार्यालय प्रमुखको नाम : डा प्रशान्त पण्डित

७. जम्मा वार्षिक बजेट रकम: ३६५१.००
८. खर्च बजेट रकम: ३२८९.१०
९. वित्तिय प्रगति प्रतिशत: ९०.०९
१०. भौतिक प्रगति प्रतिशत: ९१.६७
बजेटको किसिम: संघ शसर्त अनुदानको वार्षिक विकास कार्यक्रम

बजेट रु. (हजारमा)

| क्र.सं | कार्यक्रम कोड | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | इकाइ | वार्षिक लक्ष्य | | | हाल सम्मको भौतिक प्रगति | | | हाल सम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण | भार | बजेट | परिमाण | भारित | प्रतिशत | रकम रु हजारमा | प्रतिशत | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | | संघ सशर्त अनुदान चालु खर्च अन्तरगतका कार्यक्रमहरु : ३५०९११३३३ | | | | | | | | | | | |
| १ | २.७.२२.१११९ | प्रयोगशाला संचालन (अन्यसेवा शुल्क समेत) | २२५२२ | पटक | १ | ११.०९ | ४०५.०० | १ | ११.०९ | १००.०० | ३९२.६० | ९६.९४ | |
| २ | २.७.२२.१०५८ | औषधी खरिद | २२५२२ | पटक | १ | १७.७४ | ६४८.०० | १ | १७.७४ | १००.०० | ६४७.६० | ९९.९४ | |
| ३ | २.७.२२.१११४ | जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्द्धन सेवा कार्यक्रम(व्यवस्थापन खर्च) | २२५२२ | पटक | १ | २.२१ | ८१.०० | १ | २.२१ | १००.०० | ७९.९० | ९८.६४ | |
| ४ | २.७.२२.१११८ | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | २२५२२ | पटक | १ | ३.३८ | १२२.०० | १ | ३.३८ | १००.०० | ११९.५० | ९७.९५ | |
| ५ | २.७.२२.१११६ | पञ्चकर्म/पूर्वकर्म कार्यक्रम | २२५२२ | पटक | २ | १३.३१ | ४८६.०० | १ | ६.६६ | ५०.०० | २४६.७० | ५०.७६ | |
| ६ | २.७.२२.१११५ | स्तनपायी आमालाइ मातृशिशु सुरक्षार्थ दुग्धवर्द्धक तथा अन्य औषधि वितरण कार्यक्रम(व्यवस्थापन खर्च) | २२५२२ | पटक | १ | २.२१ | ८१.०० | १ | २.२१ | १००.०० | ७८.४० | ९६.७९ | |
| ७ | २.७.२२.१११७ | नागरिक आरोग्य सेवा केन्द्र तथा अभियान संचालन खर्च | २२५२२ | पटक | ५ | ५०.०६ | १८२८.०० | ५ | ५०.०६ | १००.०० | १७२४.४० | ९४.३३ | |
| | | जम्मा : | | | १२ | १००.०० | ३६५१.०० | ११ | ९१.६७ | ९१.६७ | ३२८९.१० | ९०.०९ | |

तयार गर्नेको दस्तखत

स्वीकृत गर्नेको दस्तखत:

कार्यालय प्रमुख

कार्यालयलाई प्रदेश सरकारको   तर्फबाट प्राप्त वार्षिक कार्यक्रम र बजेको लक्ष्य/ प्रगति विवरण ]

अनुसूची - २

**आ.व.२०८०।८१ को भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन**

**१. आ.व. : २०८०/०८१**
२. वजेट उपशीर्षक नं. : ३५००३०१५३ प्रदेश समानिकरण/चालु कार्यक्रम
**३. मन्त्रालय/कार्यालय : सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय**
४. कार्यक्रम/आयोजनाको नामः जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखा
**५. स्थानः गोरखा**
६. कार्यालय प्रमुखको नाम : डा.प्रशान्त पाण्डेत

७. जम्मा बजेट रकमः ३०४०.००
८. खर्च बजेट रकमः २६८७.९०
९. वित्तिय प्रगति प्रतिशतः ८८.४२
१०. भौतिक प्रगति प्रतिशतः ९३.४३
**बजेटको किसिमः प्रदेश समानिकरणको वार्षिक विकास कार्यक्रम**

बजेट रु. (हजारमा)

| क्र.सं | कार्यक्रम कोड | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | इकाई | वार्षिक लक्ष्य | | | हाल सम्मको भौतिक प्रगति | | | हाल सम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण | भार | बजेट | परिमाण | भारित | प्रतिशत | रकम रु हजारमा | प्रतिशत | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | (क) | चालु खर्च अन्तरगतका कार्यक्रमहरु : ३५५०८०००१३, प्रदेश समानिकरण तर्फको चालु कार्यक्रम | | | | | | | | | | | |
| १ | २.७.२२.८४७ | महिला स्वास्थ्य स्वयसेविकाहरुका लागि आयुर्वेद सम्बन्धी अभिमुखिकरण | २२५२२ | पटक | २ | ५.२६ | १६०.०० | २ | ५.२६ | १००.०० | १४५.५० | ९०.९४ | |
| २ | २.७.२२.८४८ | पंचकर्म/ पुर्वकर्म कार्यक्रम (सामग्री खरिद, संचालन एवं व्यवस्थापन) | २२५२२ | पटक | ३ | ७.८९ | २४०.०० | २ | ५.२६ | ६६.६७ | २२१.४० | ९२.२५ | |
| ३ | २.७.२२.८४९ | स्वास्थ्य प्रवर्दनका लागि जीवनशैलि परिवर्तन कार्यक्रम तथा योग | २२५२२ | पटक | ३ | १४.८० | ४५०.०० | ३ | १४.८० | १००.०० | ४४५.९० | ९९.०९ | |
| ४ | ७.२.२२.८५० | प्रयोगशाला संचालनका लागि आवश्यक पर्ने उपकरण ,रिएजेन्ट किट खरिद | २२५२२ | पटक | १ | ५.०० | १५०.०० | १ | ५.०० | १००.०० | १४८.३० | ९८.८७ | |
| ५ | २.७.२२.८५१ | ज्येष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम | २२५२२ | पटक | ३ | ७.८९ | २४०.०० | ३ | ७.८९ | १००.०० | २२०.३० | ९१.७९ | |
| ६ | २.७.२२.८५२ | संगठित रुपमा योग सञ्चालन (Corporate Yoga) | २२५२२ | पटक | २ | ५.२६ | १६०.०० | २ | ५.२६ | १००.०० | १२५.४० | ७८.३८ | |
| ७ | २.७.२२.८५३ | स्थानीय तहको सहकार्यमा परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थानीय जडीबुटीहरुको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमूखीकरण कार्यक्रम | २२५२२ | पटक | २ | ५.२६ | १६०.०० | २ | ५.२६ | १००.०० | १४९.०० | ९३.१३ | |
| ८ | २.७.२२.८५४ | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | २२५२२ | पटक | ३ | ४.९३ | १५०.०० | ३ | ४.९३ | १००.०० | १४१.३० | ९४.२० | |
| ९ | २.७.२२.८५५ | आधारभुत तथा अत्यावश्यक औषधी खरिद | २२५२२ | पटक | १ | ४.९३ | १५०.०० | १ | ४.९३ | १००.०० | १४७.१० | ९८.०७ | |
| १० | २.७.२२.८५६ | स्वस्थ्यकर जिवनशैली प्रवर्धनमा गृहिणीहरुका लागि भान्सासुधार कार्यक्रम | २२५२२ | पटक | २ | ६.५७ | २००.०० | २ | ६.५७ | १००.०० | १९०.०० | ९५.०० | |
| ११ | २.७.२२.८५७ | नागरिक आरोग्य केन्द्र तथा औषधालयका कर्मचारीहरुलाई अनुशिक्षण | २२५२२ | पटक | ४ | २.६३ | ८०.०० | ४ | २.६३ | १००.०० | ६४.६० | ८०.७५ | |
| १२ | २.७.२२.८५८ | ट्राफिक प्रहरीहरु लाई नस्य तथा जलनेती क्रिया संचालन | २२५२२ | पटक | १ | ३.९४ | १२०.०० | १ | ३.९४ | १००.०० | ८७.२० | ७२.६७ | |
| १३ | २.७.२२.९८२ | क्षारसुत्र कार्यक्रम (सामग्री खरिद तथा सञ्चालन एवम् व्यवस्थापन) | २२५२२ | पटक | ४ | १५.७८ | ४८०.०० | ३ | ११.८४ | ७५.०० | ३०५.३० | ६३.६० | |
| १४ | २.७.२२.९८३ | आयुर्वेद स्वास्थ्य संस्थाहरुमा MSS कार्यान्यन कार्यक्रम | २२५२२ | पटक | ४ | ९.८६ | ३००.०० | ४ | ९.८६ | १००.०० | २९६.६० | ९८.८७ | |
| | | चालु कार्यक्रमको जम्मा | | | ३५ | १००.०० | ३०४०.०० | ३३ | ९३.४३ | ९३.४३ | २६८७.९० | ८८.४२ | |

तयार गर्नेको

स्वीकृत गर्नेको

कार्यालय प्रमुख

अनुसूची - २

## आ.ब.२०८०।८१ को भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन

आर्थिक वर्ष : २०८०।०८१

बजेट उपशीर्षक नं :३५००३०१५४

वार्षिक बजेट (रू): #####

मन्त्रालय : सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
कार्यालयको नाम : जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, गोरखा
कार्यक्रम / आयोजनाको नाम : आयूर्वेद केन्द्रहरू
स्थान :(क) जिल्ला : गोरखा
कार्यालय प्रमुखको नाम : डा.प्रशान्त पाण्डित

प्रदेश सरकार : गण्डकी प्रदेश सरकार
खर्च बजेट रकमः ९९३.९०
वित्तिय प्रगति प्रतिशतः ९९.३९
भौतिक प्रगति प्रतिशत १००.००
बजेटको किसिम: पूँजिगत
बजेट रु. (हजारमा)

| क्र.सं | कार्यक्रम कोड | कार्यक्रम/क्रियाकलाप | खर्च शीर्षक | इकाइ | वार्षिक लक्ष्य | | | हाल सम्मको भौतिक प्रगति | | | हाल सम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | परिमाण | भार | बजेट | परिमाण | भारित | प्रतिशत | रकम रु हजारमा | प्रतिशत | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| | (क) | पुँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु : बजेट उपशिर्षक नं. ३५००३०१५४ | | | | | | | | | | | |
| १ | ११.१.३.२५ | कार्यालय भवनको मर्मत तथा संभार | ३११६१ | पटक | १ | ५०.०० | ५००.०० | १ | ५०.०० | १००.०० | ४९६.३०० | ९९.२६ | |
| २ | ११.३.७.२२ | कार्यालयका लागि आवश्यक मेसिनरी औजार उपकरण खरिद | ३११२२ | पटक | १ | २५.०० | २५०.०० | १ | २५.०० | १००.०० | २४८.८०० | ९९.५२ | |
| ५ | ११.६.१३.७ | कार्यालयका लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद | ३११२३ | पटक | १ | २५.०० | २५०.०० | १ | २५.०० | १००.०० | २४८.८०० | ९९.५२ | |
| | | **पुँजीगत जम्मा :** | | | ३ | १००.०० | १०००.०० | ३ | १००.०० | १००.०० | ९९३.९० | ९९.३९ | |

तयार गर्नेको दस्तखतः

स्वीकृत गर्नेको दस्तखतः

कार्यालय प्रमुख

# जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गोरखाबाट आ.व. ०८०/८१ मा सम्पादित कार्यक्रमहरुको संक्षिप्त विवरण

## भूमिका

विक्रम संवत २०५० सालमा स्थापना भै हाल शहिद लखन गाउँ पालिका वडा नं-६ स्थित यस आयुर्वेद केन्द्रले जिल्ला भरी निःशुल्क स्वास्थ्य प्रवर्धनात्मक र रोग प्रतिकारात्मक सेवा आन्तरगत आयुर्वेद एवं योग शिक्षा जडिबूटी परिचयात्मक शिक्षा जीवन शैली परिवर्तन कार्यक्रम ज्येष्ठ नागरिक एवं स्तनपायी आमा सेवा कार्यक्रमका साथमा दैनिक निःशुल्क स्वास्थ्य परिक्षण, आयुर्वेद औषधि वितरण निःशुल्क ल्याव सेवा र पूर्वकर्म सेवा प्रदान गर्दै आएको छ ।




## गोरखा जिल्लामा आयुर्वेद संस्थाहरु

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र -१

आयुर्वेद औषधालयहरुः -६

१. पालुंगटार आयुर्वेद औषधालय,पालुंगटार-५
२.मनकामना आयुर्वेद औषधालय,श.ल.गा.पा.-२
३.घ्याल्चोक आयुर्वेद औषधालय,गण्डकी गा.पा.-८
४.सौरपानी आयुर्वेद औषधालय, सुलिकोट गा.पा.-४
५.गोरखाबजार आयुर्वेद औषधालय,गोरखा न.पा.-८
६.दर्बुंग फुजेल आयुर्वेद औषधालय,गण्डकी गा.पा.-४

नागरिक आरोग्य सेवा केन्द्रहरुः-५

नागरिक आरोग्य सेवा केन्द्र धार्चे, गा.पा.-५
नागरिक आरोग्य सेवा केन्द्र आरुघाट गा.पा.-९
नागरिक आरोग्य सेवा केन्द्र भीमसेनथापा गा.पा-१
नागरिक आरोग्य सेवा केन्द्र अजिरकोट गा.पा.-३
नागरिक आरोग्य सेवा केन्द्र सिरानचोक गा.पा.-५

## सम्पादित प्रमुख आयुर्वेद सेवा कार्यक्रमहरु



विद्यालय आयुर्वेद तथा योग शिक्षाकार्यक्रम संचालन गरी २२ जना शिक्षक र ४०९ जना विद्यार्थीहरुलाई तालिम र योग शिक्षा प्रदान गरीएको।



स्थानीय तहको सहकार्यमा परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थनीय जडिबूटीहरुको पहिचान संरक्षण, प्रयोगको बिधि बारेमा ८५ जना लाई तालिम दिई अभिलेखीकरण गरीएको ।



स्वास्थ्य प्रवर्धनका लागि जीवन शैली परिवर्तन कार्यक्रम जिल्लाको बिभिन्न ३ स्थानमा सम्पन्न गरी २०८ जना लाई स्वास्थ्य प्रवर्धन तथा योग तालिम दिई सक्षम बनाइएको ।



महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि आयुर्वेद सम्बन्धि अभिमुखिकरण कार्यकम सम्पन्न गरी ८६ जना स्वयं सेविकाहरुलाई अभिमुखीकरण गरीएको।



गृहणीहरुका लागि भान्सा सुधार कार्यक्रममा ११० जना महिलाहरुलाई अभिमुखीकरण गराई स्वस्थ्य रहने बिधिहरुको बारेमा जानकारी गराइएको ।



कार्यालयको नयाँ भवन निर्माण कार्य सम्पन्न भै उक्त भवन वाट सम्पूर्ण सेवाहरु सुचारु गरीएको ।




जिल्लामा कार्यरत १७ जना ट्राफिक प्रहरीहरुलाई नस्यकर्म सम्बन्धि दिएको १ दिने तालिम कार्यक्रम ।



कार्यालयको MSS कार्यक्रमको झलक ।




## बिगत ३ बर्षको सेवाग्राही संख्या र मुख्य कार्यक्रमहरु

| विवरण | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ |
|---|---|---|---|
| १. ओ.पी.डी. संख्या जिल्ला | ५२१० | ३४०२ | ३९९५ |
| २ ओ.पी.डी. संख्या औषधालय | १३८९० | १५४८० | १६३५० |
| ३. ओ. पी. डी. सेवा ग्राहीसंख्या नागरिक आरोग्य केन्द्र | ८१४३ | ५५०३ | ४७०५ |
| कूल सेवाग्राही ओ. पी.डी. | २७२४३ | २४३८५ | २५०५० |
| ४.स्तनपायी आमा सेवा | ३६६ | ४०६ | २९१ |
| ५.ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्धन सेवा | १४८६ | ११५६ | १२१५ |
| ६.पूर्व कर्म पंचकर्म कार्यक्रम | १०१७ | १२५० | १३८९ |
| ७.निःशुल्क स्वास्थ्य शिबिर | ३५१ | ७३९ | १५९८ |
| ८.जीवन शैली परिवर्तन कार्यक्रम | २१७ | २०८ | १५७ |
| ९.गाउँघर क्लिनिक | १६०५ | ४२४९ | ४९९३ |
| १०.प्रयोगशाला सेवा | २३७ | २७७ | ३३० |
| ११.विद्यालय आयुर्वेद कार्यक्रम | १८५ | ४५६ | ८०२ |
| १२.करपोरेट योग | 0 | ४० | ८३ |
| कूल जम्मा | ३२७०७ | ३३१६६ | ३५९०८ |

## प्रमुख समस्या र चुनौतीहरु

- अपर्याप्त भौतिक पूर्वाधार,योग हलको अभाव
- कार्यक्रम, अनुगमन, सुपरिवेक्षण,संचालन गर्न यातायातको लागि चारपांङ्ग्रे सवारी साधनको अभाव
- सदरमुकाम भन्दा २७ किमी टाढा भएकोले समन्वय गर्न कठिन

## समस्या समाधानका लागि गरीएका प्रयास

- तालुक निकायहरु सँग समयमै पत्राचार तथा सम्पर्क समन्वय गरीएको।

## अपेक्षाहरु

- भएका समस्या र चुनौतीहरु तालुक निकायबाट समयमै सम्बोधन र आयुर्वेद संस्थाहरुको स्तरउन्नती र O & M Survey को अपेक्षा ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र
गोरखा




समाप्त